# देवदहनगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
५ नं.प्रदेश, नेपाल

फोन नं. ०७१-५७७३०३, ०७१-५७७२९२, ०७१-५७७४०३


प.स./Desp.०७४/०७५
चलानी नं. Ref. No १५८३

मिति: २०७५/१/७

## देवदह नगरपालिकाको अत्यन्त जरुरी सूचना :

देवदह नगरपालिका, नगर कार्यपालिकाको मिति २०७४।१२।२५ को बैठक तथा देवदह नगरपालिका, नगर कार्यपालिकामा मिति २०७५।१।३ को नगरपालिका र नगरस्थित उद्योग वाणिज्य संघ,देवदह, देवदह व्यापार संघ र उद्योग व्यापार संगठन, देवदहको संयुक्त बैठकको निर्णयानुसार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४५ को उपदफा ३ बमोजिम नगरपालिकाको आफ्नो क्षेत्रभित्र मुख्य सडक खण्डको दायाँ बायाँको अधिकारक्षेत्र (राइट अफ वे ) को सीमा ८२ फिटभित्र कुनै व्यक्ति, संस्था वा निकायले अस्थायी रुपमा निर्माण गरेका अस्थायी संरचना र सोही प्रकृतिका संरचनामा संचालित व्यापार वा व्यवसाय यो सूचना प्रकासित गरेको मितिले १५ दिनभित्र हटाउन वा भत्काउनु हुन सम्वन्धित सरोकारवालालाई सूचित गरिन्छ ।

उक्त अवधिभित्र पनि उक्त संरचना र व्यापार वा व्यवसाय नहटाएमा वा नभत्काएमा नगरपालिकाद्धारा उक्त अधिकार क्षेत्रको सीमाभित्रको संरचना हटाइने वा भत्काइने छ साथै उक्त कार्य गर्दा लागेको सम्पूर्ण खर्च सम्वन्धित व्यक्ति, संस्था वा निकायबाट असुल उपर गरिने व्यहोरा पनि यसै सूचनाद्धारा सूचित गरिन्छ ।

(श्रीकृष्ण नेपाल)
प्रमुख प्रशासकीय अधिकृत

श्रीकृष्ण नेपाल
प्रमुख प्रशासकीय अधिकृत